नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण
उच्चस्तरीय समन्वय समिति
बैठक संख्या : ९

मिति २०७६ चैत्र ७ गते
साँझ: ६.३० बजे

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ फागुन १८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित " नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को बैठक देहायका माननीय मन्त्रीज्यूहरु तथा उच्च पदाधिकारीहरुको उपस्थितिमा निम्नानुसार निर्णय गरियो।

उपस्थिति:

१. मा. उपप्रधानमन्त्री एवं रक्षामन्त्री श्री ईश्वर पोखरेल - संयोजक

२. मा. गृहमन्त्री श्री राम बहादुर थापा - सदस्य

३. मा. परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली - सदस्य

४. मा. शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल - सदस्य

५. मा. कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुसाल - सदस्य

६. मा. स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल - सदस्य

७. मा. उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट - सदस्य

८. मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई - सदस्य

९. मा. अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा - सदस्य

१०. श्री लोकदर्शन रेग्मी - मुख्यसचिव, नेपाल सरकार - सदस्य

११. श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, - सदस्य-सचिव

विषेश आमन्त्रित :

१२. मा. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री रामेश्वर राय यादव

आमन्त्रित

१३. सचिव श्री केदारबहादुर अधिकारी - संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१४. सचिव श्री शंकरदास बैरागी - परराष्ट्र मन्त्रालय

१५. सचिव श्री महेशप्रसाद दहाल – शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित COVID-१९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको

नवौं वैठकको निर्णयहरु:

मितिः २०७६/१२/०७

१. कोरोना भाइरस (COVID-19) संक्रमण नियन्त्रण तथा रोकथामको सम्बन्धमा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूले राष्ट्रका नाममा गर्नुभएको सम्बोधनमा उल्लेख भएका विषयहरुको प्रभावकारी कार्यानवयनको लागि सम्वद्ध मन्त्रालयहरुले शीघ्र कार्ययोजना वनाई कार्यान्वयन गर्ने ।

२. छिमेकी मित्र राष्ट्र भारत संग समन्वय गरी स्थल मार्ग (सीमा नाका) बाट आवतजावत गर्ने नागरिकहरुको स्वास्थ्य संवेदनशिलतालाई उच्च प्राथमिकतामा राखी उक्त सीमा नाकाहरुबाट आवतजावत गर्ने कार्यलाई कडाइ गर्ने व्यवस्था गृह मन्त्रालयले मिलाउने ।

३. कोरोना भाइरस (COVID-19) संक्रमणको नियन्त्रण तथा रोकथामको सम्बन्धमा सरकारले गरेका काम कारवाहीहरु तथा सचेतना सम्बन्धी विषयहरुको सरकारी तथा निजी क्षेत्रका टेलिभीजन, रेडियो, एफ.एम. तथा अन्य संचार माध्यमबाट नियमित रुपमा प्राथमिकताका साथ सम्प्रेषण गर्ने, गराउने व्यवस्था संचार तथा सूचना प्रविधि मन्त्रालयले मिलाउने ।

४. कोरोना भाइरस (COVID-१९) संक्रमण नियन्त्रण तथा रोकथामका लागि सरकारी तथा निजी क्षेत्रका निकाय, कार्यालय, संघ संस्थाहरुले आवश्यक चिकित्सक तथा अन्य जनशक्तिको व्यवस्था गरी देहायका कार्यहरुलाई सक्रियतापूर्वक उच्च प्राथमिकताका साथ संचालन, सम्पादन गर्ने:

क. सचेतना अभिवृद्धि

ख. क्वारेन्टाइनको व्यवस्था

ग. आइसोलेसन तथा ICU वेडको व्यवस्था

घ. स्वास्थ्य जाँच परीक्षण

ङ. PPE, Diagnostic Kits, Mask लगायतका सामग्रीहरुको आपूर्ति व्यवस्था

सचिव मुख्य सचिव मा. ईश्वर पोखरेल

उपप्रधानमन्त्री तथा रक्षामन्त्री